# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री विश्वनाथ सापकोटा एरोपाको बैठकमा भाग लिन भियतनामको राजधानी हनोईतर्फ प्रस्थान गर्नुभएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका का. मु. विशेष सचिव श्री केशवराज राजभण्डारीलाई मिति २०५३।६।२८ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

जलस्रोत मन्त्रालयका सचिव डा. द्वारिकानाथ ढुङ्गेल ईरोपा "४३ औं कार्यकारी परिषद्को बैठक र Public Administration Reform For Economic Transformation विषयको सेमिनारमा भाग लिन भियतनामतर्फ जानुभएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री रत्नेश्वरलाल कायस्थलाई मिति २०५३।६।२८ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

उद्योग मन्त्रालयका सचिव श्री डा. भोलानाथ चालिसे व्यापार तथा विकासको लागि संयुक्त राष्ट्रसंघीय सम्मेलन (अंकटाड)ले आयोजना गर्ने विदेशी लगानी र विश्व अर्थतन्त्रको विश्वव्यापीकरणमा विकास विषयक विश्वव्यापी लगानी सम्मेलनमा भाग लिन स्वीट्जरल्याण्डको जेनेभातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री रामानन्द मिश्रलाई मिति २०५३।६।२३ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

निर्माण तथा यातायात मन्त्रालयका का.मु. सचिव श्री वरुणप्रसाद श्रेष्ठ इस्क्यापको बैठकमा भाग लिन नयाँ दिल्लीतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री देवेन्द्रप्रसाद रिमाललाई मिति २०५३।७।११ गतेदेखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ५

परराष्ट्र मन्त्रालयका सचिव श्री केदारभक्त श्रेष्ठ माननीय परराष्ट्रमन्त्रीज्यूको नेतृत्वमा संयुक्त राष्ट्रसंघको ५१ औं साधारण सभामा भाग लिन जाने प्रतिनिधि-मण्डलको सदस्यको रूपमा संयुक्त राज्य अमेरिकाको न्यूयोर्कतर्फ प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री कुमारप्रसाद ज्ञवालीलाई मिति २०५३।६।२८ गतेदेखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ६

महालेखा नियन्त्रक कार्यालयका का.मु. महालेखा नियन्त्रक श्री मुकुन्दप्रसाद अर्याल मलेशियाको आर्थिक योजना तथा विकाससम्बन्धी अध्ययन भ्रमणमा जाने प्रतिनिधिमण्डलको सदस्यको रूपमा मलेशियातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो महालेखा नियन्त्रक पदमा निजामती सेवा नियमावली २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सह-महालेखा नियन्त्रक श्री महावीर साहलाई मिति २०५३।७।१४ गतेदेखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ७

उद्योग मन्त्रालयका सचिव डा. भोलानाथ चालिसे विश्व बौद्धिक सम्पत्ति संगठनको निमन्त्रणामा जेनेभा र संयुक्त अधिराज्यको प्याटेण्ट अफिससमेतको भ्रमणमा त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह सचिव श्री चण्डिप्रसाद श्रेष्ठलाई मिति २०५३।७।१८ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ८

परराष्ट्र मन्त्रालयका सचिव श्री केदारभक्त श्रेष्ठ सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको इस्लामिक गणतन्त्र पाकिस्तानको औपचारिक भ्रमण दलको साथ त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री कुमारप्रसाद ज्ञवालीलाई मिति २०५३।७।१६ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ९

कानून तथा न्याय मन्त्रालयका सचिव श्री सुरेशमान श्रेष्ठ इन्डोनेशियाको जावामा हुने IOMAC को बाह्रौं बैठकमा भाग लिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विनोदकुमार देवकोटालाई मिति २०५३।७।१८ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना १०

वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री नारायणराज तिवारी IUCN को मिटिङमा भाग लिने प्रतिनिधिमण्डलका साथ मन्ट्रियलतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम १ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अनुगमन तथा मूल्यांकन महाशाखा प्रमुख (रा.प.प्र. प्रा.) श्री दामोदरप्रसाद पराजुलीलाई मिति २०५३।६।२५ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

620



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५३।७।२२ को निर्णयानुसार यस सचिवालयका उप-सचिव श्रीमती जानकी अमात्यको ३० वर्ष सेवा अवधि पुरा भई मिति २०५१।७।२५ बाट २ वर्षको सेवा अवधि थप गरेकोमा सो अवधि पनि पूरा भएकोले निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम मिति २०५३।७।२५ देखि लागू हुने गरी पुनः १ वर्ष सेवा अवधि थप गरेको छ ।

आज्ञाले,
भीमशङ्कर भण्डारी
सह-सचिव

६३१



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

632

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।